का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ८२
- २५ बैशाख २०७७, बिहीबार
- 7 May 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily राष्ट्रिय दैनिक

**अपडेट: बुधबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ९९ जना | २२ जना | १४०९६ | १३६ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ३७ लाख ५७ हजार | १२ लाख ५८ हजार | दुई लाख ६० हजार | २२ लाख ३८ हजार |

# लम्बियो लकडाउन

## ■ जेठ १८ सम्म उडान र स्थलगत आवागमन बन्द

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, २४ वैशाख ।

सरकारले देशब्यापी लकडाउन आगामी जेठ ५ गतेसम्म कायमै राख्ने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषदको बैठकले लकडाउन दश दिन लम्ब्याउने निर्णय गरेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले बताए । कोरोना रोकथाम, उपचार तथा नियन्त्रण उच्च स्तरीय समितिको सिफारिस अनुसार, लकडाउन लम्ब्याउने निर्णय गरिएको उनले बताए ।

यो सहित लकडाउन छैटौं पटक थप गरिएको छ । यसअघि १८ चैत, २५ चैत, ३ वैशाख, १५ वैशाख र २५ वैशाख गरी पाँचौ पटक थप गरिएको थियो । नेपालगञ्ज र वीरगञ्जमा ठूलो संख्यामा संक्रमित भेटिए सँगै लकडाउन थप लम्ब्याउने निर्णय भएको छ ।



### ■ १८ जेष्ठसम्म उडान बन्द

मन्त्रिपरिषद बैठकले अन्तर्राष्ट्रिय उडान बन्द गर्ने अवधि पनि थप गरेको छ । बैठकले आगामी जेठ १८ गतेसम्म सम्पूर्ण उडान बन्द गर्ने निर्णय गरेको हो । हवाई उडानसँगै स्थलगत आवागमन पनि रोकिएको छ । भारतसँग सीमा जोडिएको क्षेत्रमा पहिलेबाटै कडाई गरिदै आएको छ । तर, भारतबाट आएका व्यक्तिहरुबाट नेपालमा संक्रमण फैलिदै गएपछि स्थलगत आवागमन जेठ १८ गतेसम्म बन्द गर्ने सरकारले निर्णय गरेको हो ।

तर, सरकारले खाद्यन्न, इन्धन लगायत अत्यावश्यक सामग्री आयातमा भने प्रतिबन्ध लगाएको छैन । परीक्षण गरी खाद्यन्न र इन्धन ल्याउँदै आएको छ ।

### ■ भारतमा भर

नेपालका केही जिल्लामा देखिएको संक्रमण भारतबाटै आएका व्यक्तिमा देखिएको छ । उदयपुर, पर्सा र बाँकेमा ठूलो संख्यामा देखिएको संक्रमण भारतबाट आएकै व्यक्तिबाट फैलिएको छ । अत: सरकारले गर्ने लकडाउन पनि भारतको निर्णय र संक्रमणको अवस्थाबाट निर्धारण हुने देखिन्छ । भारतमा बुधबार साँझसम्म संक्रमित संख्या ५० हजार पुगेको छ भने १६ सय बढीको मृत्यु भइसकेको छ ।

### ■ २४५ नेपालीमा संक्रमित

नेपालीको प्रमुख श्रम गन्तव्य रहेको बहराइनमा २४५ नेपालीमा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । मनमास्थित नेपाली दूतावासका अनुसार, पछिल्लो एक साताको अवधिमा ८८ नेपालीमा कोरोना संक्रमण पुष्टि भएको छ । वैशाख १९ गतेसम्म बहराइनमा कोरोना सङ्क्रमित नेपालीको सङ्ख्या १५७ थियो ।

दूतावासका अनुसार, मंगलबारसम्म बहराइनमा एक हजार ९५० मा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । संक्रमणबाट निदान प्राप्त गरी डिस्चार्ज हुनेको संख्या पनि एक बाँकी पृष्ठ २ मा

# एकै परिवारका १७ जनामा संक्रमण

**आइतबार संक्रमण देखिएका ३६ वर्षीय पुरूषकै परिवारका १७ जनामा संक्रमण देखिएको छ । योसँगै, नेपालमा संक्रमित संख्या ९९ पुगेको छ ।**

मध्यान्ह संवाददाता
वीरगञ्ज, २४ वैशाख ।

पर्सामा थप १७ जनामा कोभिड-१९ को संक्रमण भएको पुष्टि भएको छ । आइतबार संक्रमण देखिएको ३६ वर्षीय पुरुषकै परिवारका १७ जनामा संक्रमण भएको पुष्टि भएको हो ।

बुधबार नियमित पत्रकार सम्मेलन गर्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १७ जनामा संक्रमण देखिएको जानकारी दिएको छ । संक्रमित मध्ये १० पुरुष र सात महिला छन् । संक्रमित हुनेमा दुई महिने शिशु देखि ६६ वर्षीय बृद्ध समेत छन् । ती एउटै परिवारको भएको स्थानीय प्रशासनले जनाएको छ ।

संक्रमित युवा भेटिए पछि उनीसँग सम्पर्कमा रहेकाहरुको परीक्षण गरिएको थियो । मन्त्रालयले अब ती १७ जनाको सम्पर्कमा आएकाहरुको पनि परीक्षण गरिने जनाएको छ । तर, ती लकडाउन पछाडि संक्रमित परिवार कतै नगएको बताएको छ ।

स्थानीयका अनुसार, भने संक्रमित युवा घरबाहिर निस्किएका थिए । ती युवा राहत वितरण कार्यमा

### दुई महिने शिशु पनि संक्रमित

सहभागी थिए । बुधबार १७ जनामा थप संक्रमण देखिएसँगै नेपालमा संक्रमित संख्या ९९ पुगेको छ । त्यस मध्ये २२ जना निको भएर घर फर्किएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । केही दिन अगाडि मात्रै नेपालगञ्जमा २३ जनामा संक्रमण देखिएको थियो । त्यहाँ पनि एउटै ठाउँमा ठूलो संख्यामा संक्रमित भेटिए पछि निषेधाज्ञा जारी गरिएको छ भने प्रदेश-५ र कर्णाली प्रदेशको लकडाउनमा थप कडाइ गरिएको छ ।

# उल्टियो सहमति

## ■ स्थायी कमिटी अनिश्चित

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को वैशाख २० गते बसेको सचिवालय बैठकमा भएको सहमति उल्टिएको छ । सहमति प्रधानमन्त्री ओलीले नै नमान्ने अडान लिएपछि बिहीबार बोलाइएको स्थायी कमिटी पनि अनिश्चित बनेको छ ।**

मध्यान्ह संवाददाता
काठमाडौं, २४ वैशाख ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले बिहीबारका लागि बोलाइएको स्थायी कमिटी बैठक अनिश्चित बनेको छ । गएको वैशाख २० गते बसेको सचिवालयको निर्णय नमान्ने प्रधानमन्त्री ओलीको अडान पछाडि स्थायी कमिटी बैठक अनिश्चित बनेको हो । बिहीबार बस्ने स्थायी कमिटीको एजेण्डा तय गर्न बुधबार सचिवालय बोलाइएको थियो ।



तर, प्रधानमन्त्री केपी शर्मा ओली आराम गर्ने भन्दै बीचमै उठेर हिडेपछि बैठक अनिश्चित बनेको हो । सचिवालय बस्नुअगाडि कार्यकारी अध्यक्ष पुष्पकमल दाहालसँग भएको भेटवार्तामा अध्यक्ष ओलीले आफूले सचिवालयका सबै निर्णय नमान्ने अडान लिएका थिए । यसपछि खुमलटार फर्किएका दाहाललाई भेट्न उपाध्यक्ष वामदेव गौतम पुगेका थिए ।

**सचिवालय बैठक चलिरहँदा प्रधानमन्त्री एवम् अध्यक्ष ओली आराम गर्न भन्दै उठेका थिए । प्रधानमन्त्री ओली उठेपछि स्थायी कमिटी अनिश्चित बनेको हो ।**

शनिबारको सचिवालय बैठकमा प्रधानमन्त्री ओलीले सरकार र पार्टी सञ्चालन प्रक्रियामा भएको कमजोरीप्रति आत्मलोचना गरेका थिए । सचिवालयले गौतमलाई प्रतिनिधिसभामा पठाउने निर्णय समेत गरेको थियो । बरिष्ठ नेता माधवकुमार नेपालले भने अध्यक्ष बस्न अस्वीकार गरेका थिए । तर, त्यस दिनको सहमतिबाट प्रधानमन्त्री ओली पछाडि फर्किएका छन् ।

दाहालसँग सचिवालय बैठक अगाडि भएको भेटवार्तामा समेत ओलीले बाँकी पृष्ठ २ मा

# सवा लाख नेपालीलाई फर्काउनुपर्ने बोर्डको आँकलन

मध्यान्ह संवाददाता
काठमाडौं, २४ वैशाख

वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद श्रेष्ठले कोरोना भाइरस (कोभिड १९) संक्रमणका कारण वैदेशिक रोजगारी गुमाई संकटमा परेकामध्ये करिब एक लाख २७ हजार नेपालीलाई तत्काल उद्धार गर्नुपर्ने अवस्थामा रहेको जानकारी दिएका छन् । बुधबार बसेको प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिको बैठकमा उनले पछिल्लो अवस्थामा ४ लाख ७ हजार नेपाली स्वदेश फर्किन चाहेको भएता पनि तत्काल एक लाख २७ हजार नेपालीलाई उद्धार गरी फर्काउनुपर्ने बाध्यता रहेको जानकारी दिए ।

उनले यो संख्या विभिन्न देशमा रहेका नेपाली राजदूतावासहरुबाट प्राप्त जानकारीका आधारमा संकलन गरिएको बताए । निर्देशक श्रेष्ठका अनुसार नेपालीको उक्त संख्या साउदी अरब, बहराइन, यूएई, कुवेत, ओमान, मलेसिया र कतारलगायतका देशको भएको बताए । ती मध्ये कुवतेमा त्यहाँको सरकारले आममाफी दिएका करिब ३ हजार नेपाली घर फिर्ती केन्द्रमा विगत एक हप्तादेखि कष्टकर अवस्थामा रहेका छन् ।

कार्यकारी निर्देशक श्रेष्ठले कष्टकर अवस्थामा रहेका नेपालीलाई नेपाल ल्याउनका लागि पूर्वतयारी भइरहेको पनि बताए । लकडाउन खुलेलगत्तै प्राथमिकताका आधारमा नेपालीलाई स्वदेश फर्काइने भन्दै निर्देशक श्रेष्ठले केही मुलुकले विमान चार्टर गरेर पठाइदिने जानकारी दिएको समेत बताए । खाडीका ६ मुलुक र मलेसियामा गरी करिब २१ लाख नेपाली रहेको अनुमान गरिएको छ ।

समिति बैठकमा प्रस्तुत पछिल्लो तथ्यांकले कोरोना भाइरसका कारण संकटमा परि स्वदेश फर्काउनुपर्ने नेपाली कामदारको संख्याबारे सरकारी निकायहरुको तयारी फरक-फरक देखिएको छ ।

गत बैशाख १८ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा गठित कोरोना प्रकोप व्यवस्थापन समितिका संयोजक वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहालले २ लाख १८ हजार नेपालीलाई घर फर्काउने अवस्था रहेको बताएका थिए भने त्यसको ४ दिनपछि एक कार्यक्रममा परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले फर्काउनुपर्ने नेपाली कामदारको संख्या ३५ हजार मात्र रहेको बताएका थिए ।

विदेशमा संकटमा परेका कामदाहरु फर्काउने विषयमा सरकारी निकायबाट बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कामदार फर्काउदा पाकिस्तानमा फैलियो संक्रमण

**काठमाडौं/मस–** कोरोना भाइरस (कोभिड-१९) को कारण वैदेशिक रोजगारी वा अन्य कारणले विदेशमा अलपत्र परेका नेपालीलाई स्वदेश फर्काउनुपर्ने चर्को दवाब रहेपनि पूर्व तयारी विना फर्काइए नेपालमा समस्या थप विकराल हुने पाकिस्तानको पछिल्लो घटनाले देखाएको छ ।

पाकिस्तानले प्रत्येक उडानका यात्रुमध्ये घटीमा १२ र बढीमा ५० प्रतिशतसम्म संक्रमित रहेको बताएको छ । सांगुरा कोठामा धेरै कामदार एकैठाउँमा बस्नुपर्ने बाध्यताले संक्रमण बढेको आशंका गरिएको छ । बुधबारसम्म पाकिस्तानमा २२ हजार ५ सय ५० संक्रमित देखिएका छन् भने ५ सय २६ जनाको मृत्यु भएको छ ।

यूएई सरकार र त्यहाँ रहेका पाकिस्तानी नागरिकहरुको चर्को दवाबपछि पाकिस्तानले गत महिनादेखि यूएईबाट आफ्ना नागरिक फर्काउन थालेको हो । तर फर्काइएका कामदारमा ठूलो संख्यामा कोरोना संक्रमण देखिएको छ । जसका कारण पछिल्ला दिनमा पाकिस्तान दक्षिण एशियामै तीव्र रुपमा कोरोना संक्रमण फैलिने देशका रुपमा अगाडि आएको छ । बाँकी पृष्ठ २ मा

### बहराइनमा थप ८८ नेपाली संक्रमित

**काठमाडौं/मस–** बहराइनमा थप ८८ जना नेपाली कामदारमा कोरोना भाइरस (कोभिड-१९) संक्रमण देखिएको छ । गत बिहीबार बहराइनमा ३१ जना नेपालीलाई कोरोना भाइरसको संक्रमण भएको पुष्टि भएको थियो । त्यसअघि एकैपटक ७७ जना नेपालीमा यस्तो संक्रमण भेटिएको थियो । समग्रमा त्यहाँ संक्रमित नेपालीहरूको संख्या २४५ पुगेको मानमास्थित नेपाली दूतावासले जनाएको छ ।

बहराइनमा कुल ३ हजार ७ सय २० जना संक्रमित रहेका छन् । बहराइनमा करिब ३५ हजार नेपाली कार्यरत रहेको अनुमान छ । संक्रमण बढ्नुको मुख्य कारण आप्रवासी कामदारहरु बस्ने होस्टल साँगुरो भएको कारण हुनसक्ने बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले बताएका छन् ।

**COVID-19 NOVEL CORONA VIRUS (nCOV)**

**जनहितका लागि जारी जनचेतनामूलक सन्देश**

**नोबेल कोरोना भाइरस (Covid-19) का मूख्य लक्षणहरु**

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

**कसरी आफू बच्ने र अरुलाई बचाउने ?**

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

## शिक्षा समिति बैठक

## पठनपाठन नगराउन र शुल्क नलिन निर्देशन

# 'एसईई खारेज गरौं'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ बैशाख

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिले कोरोना संक्रमणको जोखिम कायम रहेसम्म विद्यालयमा शुल्क नलिन र पठनपाठन नगर्ने व्यवस्था गराउन सरकारलाई निर्देशन दिएको छ । सिंहदरबारमा बुधबार बसेको समितिको बैठकले कोरोना महामारीको राम्रोसँग आंकलन नगरी विद्यार्थीको परीक्षा र भर्ना नगर्न, शुल्क नलिन तथा औपचारिक रुपमा पठन पाठन नगर्ने व्यवस्था गर्न निर्देशन दिएको हो ।



कोरोना भाइरसको महामारीका कारण हाल विद्यालय बन्द रहेको छ । तर शहरी क्षेत्रका कतिपय विद्यालयले पठन पठान गराएको जानकारीमा आएकाले त्यस्तो गतिविधि रोक्न समितिले निर्देशन दिएको हो । त्यस्तै समितिले सुविधा सम्पन्न विद्यालयले अनलाइनमार्फत पढाउने गरेको भए पनि त्यो खालको सुविधा हिमाली र पहाडी क्षेत्रमा सम्भव नभएकाले पठन पाठन नगर्न नगराउन शिक्षा मन्त्रालयलाई निर्देशन दिएको छ ।

बैठकमा सांसदहरुले अवस्था सामान्य नहुँदासम्मका लागि विद्यार्थीलाई विभिन्न माध्यममा अन्तएक्रियामा सहभागी गराउन सकिने तर विद्यालयबाटै सिकाएजस्तो सिकाउन नसिकने बताए ।

त्यस्तै कोरोना भाइरसका कारण प्रभावित माध्यामिक शिक्षा परीक्षा (एसईई) लाई खारेज गर्नुपर्ने माग सांसदहरुले गरेका छन् । नयाँ शिक्षा नीति बनिसकेपछि पनि एसईईलाई एसएलसी जस्तै महत्व दिएर परम्परागत ढंगबाट सञ्चालन गर्न नहुने माग सांसदहरुले गरेका हुन् ।

बैठकमा सांसदहरुले एसईई परीक्षाको अवधारणा परिवर्तन गर्ने अवसर अहिले मिलेको उल्लेख गर्दै नयाँ शिक्षा नीति अनुसार अगाडि बढ्नुपर्ने बताएका हुन् । सांसद गगन थापाले अहिले एसईई परीक्षा खारेज गर्नुपर्ने बताए । अहिले त्यसका लागि कोरोना भाइरस संक्रमणले एउटा मौका दिएकोले यसको प्रयोग गर्नुपर्ने उनले बताए । उनले भने, 'यो मौका हो । एसईई परीक्षालाई खारेज गरौं । यो मौकाको प्रयोग गरौं । यो परीक्षाको ढाँचा हामीलाई चाहिँदैन । आन्तरिक मुल्यांकनका आधारमा विद्यार्थीलाई कक्षा ११ मा लिएर जाउँ । बोर्ड परीक्षा भनेको १२ को हो ।'

सांसद जीवनराम श्रेष्ठले शिक्षा नीति र ऐन नयाँ बनेपनि एसईई परम्परागत ढंगबाट सञ्चालनमा रहेको बताए । अहिलेको परिस्थितिले अवसर प्रदान गरेको उल्लेख गर्दै उनले नयाँ शिक्षा नीति र ऐन अनुसार यसलाई नयाँ ढंगले अगाडि बढाउनुपर्ने उनले बताए । सरकारले निर्णय गरेर नीतिगत रुपमै यसलाई अगाडि बढाउनुपर्ने श्रेष्ठको भनाइ छ ।

सांसद भैरवबहादुर सिंहले एसईई परीक्षा पहिलेको एसएलसीजस्तो बोर्ड परीक्षा नभएर माध्यामिक परीक्षा मात्रै भएकाले कक्षा ९ को जस्तो परीक्षाको ढाँचामा लिएर जानुपर्ने बताए ।

सांसद अञ्जना विशंखेले एक वर्षलाई मात्रै परीक्षा नगर्दा विद्यार्थी र अभिभावकहरुमा नकरात्मक असर पर्ने भएकाले योजना नै बनाएर एसईईको स्वरुप नै परिवर्तन गर्नुपर्ने बताइन् ।

## कोरोना भाइरस रोकथाममा वैकल्पिक चिकित्सा

**कृष्ण अधिकारी**
काठमाडौं, २४ बैशाख

हाल विश्वभर कोरोना भाइरस (कोभिड१९) को उपचार तथा खोप तयार नभएको अवस्थामा यस रोग लाग्न नदिनु सबैभन्दा उत्तम उपाय भएकाले नेपालमा पनि सरकारले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाउने गुण र एन्टिभाइरल गुण भएका विभिन्न जडीबुटीको सेवन गर्न सकिने सम्भावनालाई पनि महत्व दिएको छ । सरकारले कोभिड१९ लगायत अन्य भाइरस लाग्न नदिन पूर्व रोकथामका रुपमा आयुर्वेद तथा वैकल्पिक उपचारसम्बन्धी निर्देशिका जारी गरी सातै प्रदेशमा अवलम्बन गर्न निर्देशन दिएको छ ।



निर्देशिकामा आयुर्वेद र वैकल्पिक चिकित्सा विधिबाट कोरोना भाइरसविरुद्ध रोग प्रतिरोधात्मक क्षमता बढाउन किने उल्लेख छ । कोरोनासहित अन्य भाइरसजन्य संक्रमण लाग्न नदिन मानिसको शरीरमा रोग प्रतिरोधात्मक क्षमता प्रवल हुनुपर्नेमा जाड दिएको छ । नेपालमा हाल हिमाली जिल्लामा करिब ९० प्रतिशत, पहाडी जिल्लामा ३० देखि ४० प्रतिशत र तराइका जिल्लामा १५ देखि २० प्रतिशत जनताले यसै उपचार पद्दतिबाट सेवा पाइरहेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले विश्व समुदाय नै कोराना भाइरसबाट प्रभावित भएको अवस्थामा यसलाई रोकथाम गर्न आधुनिक उपचार पद्दतिसँगै नेपालमै परम्परागतरुपमा अभ्यास गरिंदै आएको वैकल्पिक उपचार पद्दतिलाई पनि जोड दिइने बताएका छन् । मन्त्री ढकालले सरकारले कोभिड१९ लगायत अन्य भाइरस लाग्न नदिन पूर्व रोकथामका रुपमा आयुर्वेद तथा वैकल्पिक उपचारसम्बन्धी निर्देशिका जारी गरिएको बताए । उनले कोभिड१९ बाट बच्न नागरि कस्तरबाट सरकारलाई ठूलो सहयोग प्राप्त भएको बताउँदै यसले यस रोगविरुद्धको लडाइँमा जुध्न सहयोग पुगेको उल्लेख गरे ।

वैकल्पिक चिकित्साअन्तर्गत सोवारिग्पा तन्त्र अनुसार यी औषधिहरुले रोग प्रतिरोधात्मक क्षमता बढाउनुको साथै सरुवा रोगहरुको रोकथाम र निको गर्न सकिने भएकाले चीन, भारत, अमेरिकालगायत विभिन्न देशहरुले यसतर्फ जोड दिन थालेका छन् । नेपालमा पनि गाउँघरमा प्रशस्त पाउन सकिने असुरो, बेसार, गुर्जो, त्रिफला, जाइफल, ल्वाङ, अलैंची, केशर, सुकमेलजस्त जडिबुटीले वायुपित्त उदर प्रदाहसम्बन्धी रोग प्रतिरोधात्मक क्षमता बढाउने हुँदा यसतर्फ ध्यान दिनुपर्ने सोवा रिग्पा एशोसिएशनका अध्यक्ष आम्ची डा तेन्जिङ धार्के गुरुङ बताउँछन् । यस्ता औषधिहरु सामान्यतः वृद्ध, बच्चालाई आधा चिया चम्चा, वयस्कलाई एक चम्चा बिहान, बेलुका सेवन गर्न दिनुपर्ने अध्यक्ष गुरुङको भनाइ छ ।

आधुनिक चिकित्सा कतिपय सर्नेखालका रोगहरुको उपचारमा प्रभावकारी भएपनि नसर्ने किसिमका अधिकांश रोगहरुको उपचार गर्ने भन्दा पनि अन्य असर पार्ने भएकाले मानिसहरु सोवा रिग्पालगायत अन्य प्राकृतिक उपचारतर्फ आकर्षित भएको देखिन्छ । वनस्पति तथा जडीबुटीमा आधारित सोवा रिग्पा उपचार पद्दतिमा शारीरिक र मानसिक असन्तुलन र अव्यवस्थालाई व्यवस्थित र सुधार गर्ने प्रयास गरिन्छ । यो पद्दतिले प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जोड दिँदै मानिसको दीर्घ स्वास्थ्यको सुनिश्चित गर्न मद्दत पुग्ने एशोसिएशनका महासचिव एवं सोवारिग्पा इन्टरनेशनल कलेजका प्राचार्य डा निमा छिरिङ नेपाली बताउँछन् ।

सोवा रिग्पा हिमालय क्षेत्रमा पाइने जडीबुटी, खनिज र प्राकृतिक रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गरिने वैकल्पिक र उपचारात्मक विधि हो । बुद्ध दर्शनद्वारा दीक्षित सोवा रिग्पा उपचार पद्दतिले मानिसलाई लामो समयसम्म स्वस्थ रही बाँच्न सिकाउँछ । सोवा रिग्पा उपचार पद्दति शारीरिक र मानसिक असन्तुलन र अव्यवस्थालाई व्यवस्थित र सुधार गर्ने वैज्ञानिक उपचार पद्दति हो ।

नेपालमा प्रतिरक्षात्मक, प्रवर्द्धनात्मक, पुनःस्थापनात्मक र उपचारात्मक स्वास्थ्य सेवाका लागि एलोप्याथी र आयुर्वेद चिकित्सा प्रणालीबाहेक होमियोप्याथी, युनानी, योग तथा प्राकृतिक चिकित्सा, परम्परागत चिनियाँ चिकित्सा, सोवा रिग्पा (आम्ची) चिकित्सा पद्धतिलाई पूरक चिकित्साअन्तर्गत राखिएको छ । सोवा रिग्पाको उपचार सेवा सस्तो र सरल हुने भएकाले विपन्न तथा मध्यमवर्गका लागि निकै उपयोगी बनेको छ । त्यस्तै यसको उपचारको प्रभाव लामो समयसम्म रहने र त्यसले शरीरमा कुनै असर नगरी सकारात्मक प्रभाव दिने भएकाले पनि यसको प्रभाव विश्वव्यापीरुपमै बढ्दै गएको छ ।

## उपत्यकामा भित्रन खोज्ने १०३ सवारी फर्काइए



काठमाडौं/मस- पछिल्लो समय विभिन्न बहानामा काठमाडौं उपत्यकामा भित्रने सवारी साधनको संख्या बढिरहेको बेला बुधबार भने अत्यावश्यकबाहेकका १०३ सवारी साधन फर्काइएको छ । विश्वभरि फैलिएको कोभिड-१९ संक्रमण नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि देशभरि लकडाउन गरेको छ । जसका कारण अत्यावश्यकबाहेक सवारी एक स्थानबाट अर्को स्थानमा आउन-जान रोक लगाएको छ ।

यसै क्रममा बुधबार काडमाडौं महानगरपालिकाको उपप्रमुख हरिप्रभा खड्गी नागढुङ्गा हुँदै काठमाडौं उपत्यका भित्रन खोज्ने सवारी साधन र मानिसको आवागमनका विषयमा जानकारी लिनका लागि धादिङको सिमाना खत्रीपौवा पुगेका थिए । उपप्रमुख खड्गीलाई जानकारी लिने क्रममा महानगरीय प्रहरी वृत्त थानकोटका प्रमुख प्रहरी नायब उपरीक्षक घनश्याम श्रेष्ठले जानकारी दिँदै सोमबार ३७ सवारीलाई यहीँबाट फकाईएको र मंगलबार १०३ सवारीसाधन फर्काइएको बताए ।

पछिल्लो समय लकडाउन भए पनि विभिन्न बहानामा र पहुँचको आधारमा पास बनाइ सवारी साधन बाहिरी जिल्लाबाट आउने क्रम बढेपछि अहिले उपत्यका भित्रने सबै नाकामा कडाइ गरिएको हो । काठमाडौंको जनजीवनलाई सहज बनाउन अत्यावश्यक सामग्री ल्याएका र एम्बुलेन्सलाई मात्र उपत्यका प्रवेश दिएको र अन्यलाई फर्काइएको बताइएको छ ।

प्रहरी नायब उपरीक्षक श्रेष्ठल अहिले विदेशी नम्बरप्लेट भएका कुनै पनि सवारीसाधन आउने गरेका छैनन् । काठमाडौंमा आउने खाद्य तथा तरकारी छिमेकी जिल्ला धादिङ, चितवनलगायत ठाउँबाट आउने गरेका हुन् । नागढुङ्गा नाकामा सुरक्षा निकायले उपत्यका भित्रिने सवारी साधनको नम्बर र सवारीका चालकको सम्पर्क नम्बरसहितको विवरण लिएर सवारीलाई भित्र आउन दिने गरेको छ ।

अनुगमनको क्रममा उपप्रमु खड्गीले सवारी चालकसँग भित्र आउनुपर्ने कारण, कति समय बस्ने, कहाँ बस्ने, सवारी साधन कसरी प्रयोग हुने गरेको छ जस्ता विषयमा जानकारी लिएका थिए भने मास्क नलगाइ सवारी चलाउने चालकलाई मास्क वितरण गरेका थिए । वृत्त प्रमुख श्रेष्ठका अनुसार अहिले नागढुङ्गा नाकाबाट दैनिक औषतमा ५०० सवारी साधन भित्रिने गरेका छन् ।

## चट्याङ लागेर एक महिलाको मृत्यु

**राजन बस्नेत/मध्यान्ह**
दोलखा २४ बैशाख

वर्षासँगै परेको चट्याङ लागेर दोलखाको मेलुङ गाउँपालिकामा एक महिलाको ज्यान गएको छ । गाउँपालिकाको वडा नम्बर ५ डाँडाखर्क स्थित बाटोमा हिड्दै गर्दा परेको चट्याङले रामेछाप दोरम्बा गाउँपालिका वडा नम्बर १ सुर्के घर भएकी ३९ वर्षिया सिता श्रेष्ठको ज्यान गएको हो ।

सिता सँगै रहेका दाइ ४५ वर्षीया मोतिबहादुर श्रेष्ठ घाइते भएका छन । घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको दोलखाका प्रहरी निरीक्षक रेशम बोहराले जानकारी दिए । दाजु बहिनि स्थानीय आफन्तको घरमा पुगी आफ्नो घर फर्किंदै गर्दा चट्याङ परेको थियो ।

मेलुङ गाउँपालिकाका प्रवक्ता हिरा थोकरका अनुसार सिता श्रेष्ठ केहि समयअघि माइती घर मेलुङ गाउँपालिका वडा नम्बर ५ मा आएकी थिइन् ।

## उखु किसानको रकम तत्काल भुक्तानीको व्यवस्था गर्न निर्देशन



**काठमाडौं/मस-** प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले उखु किसानको बाँकी रहेको भुक्तानी तत्काल उपलब्ध गराउने व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको बुधबारको बैठकले उपभोक्तालाई सुलभ र सुपथ मूल्यमा चिनी उपलब्ध गराउन र चिनी उद्योगका समस्यालाई पनि छलफलका आधारमा समाधानका लागि पहल गर्न सरकारलाई सुझाव दिएको छ ।

बैठकले कर्कटपातामा मुलुक आत्मनिर्भर भइसकेको हुँदा स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्न कर्कटपाता आयातलाई रोक लगाउन सुझाव दिएको सभापति विमाल श्रीवास्तवले जानकारी दिए । गोरखाको बारपाक केन्द्रबिन्दु भएको भूकम्पबाट धेरै घर क्षति भएपछि सरकारले तत्कालको माग धान्न बाहिरबाट जस्तापाता आयात गर्ने र त्यसमा भन्सार छुट दिने नीति बनाएको थियो ।

भूकम्पछिको पुनःनिर्माण अन्तिम चरणमा पुगेको र मुलुकको माग धान्न सक्ने जस्तापाता स्वदेशमै उत्पादन हुने ठहर गर्दै समितिले सरकारलाई उक्त निर्देशन दिएको हो । यसअघि समितिले स्वदेशी उद्योगीसँग छलफल गरी राय सुझाव लिएको थियो ।

बैठकले स्वदेशमै उत्पादन हुने टेलिभिजनका पार्टपुर्जामा लिँदै आएको दोहोरो कर हटाउन सरोकारवालासँग छलफल गरी निर्णयमा पुग्न अर्थमन्त्रालयलाई निर्देशन दिएको छ । विविध कारणले बन्द रहेको टेलिभिजन उत्पादनसम्बन्धी उद्योग सञ्चालनमा ल्याउन सरकारलाई तत्काल पहल गर्न समितिले निर्देशन दिएको छ । त्यस्ता उद्योग बन्द हुँदा हजारौंको संख्यामा श्रमिक रोजगारी गुमेर अलपत्र परेका सभापति श्रीवास्तवले जानकारी दिए ।

## भारतबाट घर फर्किएकाहरु स्वास्थ्यकर्मीको निगरानीमा

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २४ बैशाख

भारतबाट घर फर्किएका भीमदत्त नगरपालिकाका वासिन्दालाई निगरानीमा राखिएको छ । कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि घर फर्किएका नगरपालिकाका वासिन्दामाथि निगरानी गरिएको हो ।



विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना संक्रमण रोकथामका लागि लकडाउन गरिएपछि भीमदत्त नगरपालिकाका करिव एक हजार वासिन्दा भारतबाट घर फर्किएका छन् । ती सबै वासिन्दामाथि स्वास्थ्यकर्मी परिचालन गरी निगरानी गरिएको छ ।

भीमदत्त नगरपालिकाका नगर प्रमुख सुरेन्द्र विष्टले स्वास्थ्यकर्मी परिचालन गरी भारतबाट घर फर्किएका वासिन्दामाथि निगरानी गरिएको जानकारी दिए ।

'कोरोना महामारी रोकथाम र नियन्त्रणका लागि लकडाउन गरिएपछि भारतबाट भीमदत्त नगरपालिकामा एक हजार जना नगरबासी घर फर्किएको तथ्याङ्क छ,' नगर प्रमुख विष्टले भने, 'घर फर्किएकाहरु कहाँ कसरी बसेका छन्, केही समस्या छन् कि भनेर स्वास्थ्यमर्की परिचालन गरी सबैमाथि आवश्यक निगरानी गरिएको छ ।'

भीमदत्त नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई उप शाखाले सबै वडाका स्वास्थ्य संस्थालाई कोरोना संक्रमण रोकथामका लागि सक्रिय गराएको छ । नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख नरेन्द्र राज जोशीको नेतृत्वमा स्वास्थ्यकर्मी परिचालन गरिएका छन् ।

पश्चिमी सीमा नाका गड्डाचौकी र अन्य खुला क्षेत्रका कारण भीमदत्त नगरपालिकालाई कोरोना भाइरस संक्रमणको उच्च जोखिम क्षेत्रका रुपमा लिइएको छ । भीमदत्त नगरपालिकामा अहिलेसम्म एक जनामा पनि कोरोना संक्रमण पुष्टि भएको छैन । नगर प्रमुख विष्ट कोरोना रोकथामका लागि सुरुदेखि सक्रिय रुपमा लागेको पाइएको छ ।

### लम्बियो ...

हजार ७६२ पुगेको छ । बहराइनमा कोरोना संक्रमणबाट आठ जनाको मात्र ज्यान गएको छ । बहराइनले हालसम्म एक लाख ५५ हजार ५०१ जनामा कोरोना परीक्षण गरेको छ । बहराइनले अवैध रुपमा बसोवास गर्दै आएका आप्रवासीका लागि वैधानिक हुन वा बहराइन छाड्न सन् २०२० सम्म आम माफी दिएको छ ।

**सभापतिद्वारा ध्यानाकर्षण**

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई टेलिफोन गरेर कोरोनाको रोकथाम, उपचार र कोरोनाका कारण अप्ठ्यारोमा परेका नेपालीको उद्धार गर्नेबारेमा ध्यानाकर्षण गराएका छन् ।

सभापति देउवाले नेपालगञ्जमा कोरोनाको परीक्षण व्यापक रुपले गरेर स्थिति थप जटिल बन्न नदिन र सन्त्रासमा रहेका नगरवासीलाई आश्वस्त राख्नका लागि तत्काल कार्य गर्न गराउन आग्रह गरेको काँग्रेसले जनाएको छ । देशभर पिसिआर प्रविधिद्वारा परीक्षण द्रुत गतिमा विस्तार गर्न सभापति देउवाले माग गर्नुभएको छ । कुवेत सरकारको सेल्टरमा राखिएका करिब तीन हजार एवं मध्यपूर्व र विश्वभर अप्ठ्यारोमा रहेका नेपालीलाई क्रमशः उद्धार गर्ने बारे सरकारलाई व्यवस्थित योजना बनाएर कार्यान्वयन गर्न आग्रह गरेको काँग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले बताए ।

सभापति देउवाले प्रधानमन्त्री ओलीलाई सीमानाकामा क्वारेन्टाइनमा बसेको महिना दिन पुगिसक्दा पनि अझै कयौंले देश आउन नपाएको स्मरण गराउँदै तिनलाई आउन दिन एवं भारतको विभिन्न राज्यमा अलपत्र परेका नेपालीलाई उद्धार गर्ने व्यवस्था मिलाउनसमेत आग्रह गरे ।

### उल्टियो ...

सहमति नमान्ने अडान लिएका थिए । सहमति नजुटेकैले स्थायी कमिटीमा पेश गरिने राजनीतिक प्रतिवेदन अध्यक्ष दाहालले लेखेका थिएनन् । अतः तयारी नपुगेको भन्दै स्थायी कमिटी बैठक अनिश्चित बनेको नेताहरुले बताएका छन् ।

राजनीतिक दल ऐन संशोधन र संवैधानिक परिषद ऐन संशोधन अध्यादेश पछाडि नेकपाको विवाद तीव्र बनेको छ । वैशाख ११ गते भैसेपाटी भेला भएदेखि प्रधानमन्त्री एवम् अध्यक्ष ओली संशकित बन्दै आएका छन् । त्यहाँका सचिवालयका ९ मध्ये ६ जना सहभागी थिए । उक्त भेलाले प्रधानमन्त्री र अध्यक्ष दुवैबाट ओलीलाई हटाउने निर्णय भएको बुझाइका आधारमा ओलीले पनि अडान लिदै आएका छन् । उनले दुवै पद नछोड्ने अडान लिदै आएका छन् । अध्यक्ष दाहाल र नेता नेपाल पक्षका नेताहरुले भने स्थायी कमिटी बैठक बोलाएर पार्टी र सरकार सञ्चालनबारे छलफल गर्नुपर्ने अडान लिदै आएका छन् । २० स्थायी कमिटीका सदस्यहरुले लिखित रुपमै बैठकको माग गरेका छन् ।

### सवा ....

फरक-फरक तथ्यांक सार्वजनिक हुनुले कामदार फर्काउने विषयमा नेपाल सरकारबाट अहिलेसम्म पनि ठोस् गृहकार्य हुन नसकेको भन्ने प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको भनाइलाई बल दिएको देखिएको छ ।

### कामदार...

फर्काइएका कामदारहरु व्यापक मात्रामा कोरोना

पोजेटिभ देखिएपछि पाकिस्तानले मंगलबार कामदार हरुको बासस्थानका विषयमा यूएई सरकारसँग चासो देखाएको छ । पाकिस्तानी प्रधानमन्त्री कार्यालयले यूएईबाट पर्किएका कामदारहरुको संत्रमित सख्या सोचिएभन्दा धेरै माथि रहेको बताएको छ ।

पकिस्तानी परराष्ट मन्त्रालयका प्रवक्ता अैशा फारुकीले यूएईमा रहेका कामदारको स्वास्थ्य सुरक्षाबारे दुवै देशका सरकारहरुले उच्चतम प्रयास गरिरहेको बताएका छन् । यूएई सरकारका तर्फबाट कुनै प्रतिक्रिया सार्वजनिक भएको छैन । यूएईले फर्किने कामदार हरुलाई फर्किनु पहिले जाँच गरिने र संक्रमितहरुलाई उडान अनुमति नदिइने यूएई पक्षको भनाइ छ । यूएईमा करिब १५ लाख पाकिस्तानी कामदार रहेका छन् । त्यसमध्ये ६० हजारले घर फर्किन माग गर्दै यूएईस्थित पाकिस्तानी कन्सुलेट कार्यालयमा आवेदन गरेको बताइएको छ । पाकिस्तानले हाल हप्तामा ८ हजार कामदारलाई फिर्ता ल्याउने गरेको छ ।

## खोलाले बगाउँदा बालिकाको मृत्यु

**सन्तोष पौडेल/मध्यान्ह**
खोटाङ, २४ बैशाख

खोटाङमा खोलाले बगाउँदा एक बालिकाको मृत्यु भएको छ । खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका भित्र पर्ने साप्सु खोलामा बाख्रा चराएर घर फर्किने क्रममा खोलाले बगाउदा १४ वर्षीया बालिकाको मृत्यु भएको हो ।

दिक्तेल रुपाकोट मझुवागढी वडा नं ९ निर्मलिडाडाकी १४ वर्षीया अम्बिका रोक्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी निरीक्षक आमोद कुमार खेरवारले बताएका छन् ।

सोमबार बाख्रा चराएर घर फर्किने क्रममा खोला तर्न लाग्दा बालिकालाई बगाएको हो । खोलाले बगाउँदा बालिका बेपत्ता भएकी थिइन् । बालिका बेपत्ता भएको खबरपछि प्रहरी चौकी निर्मलिडाडाबाट खटिएका प्रहरी र स्थानीयले खोजी गर्दा बालिकाको शव एक किलोमिटर तल फेला परेको प्रहरी निरीक्षक खेरवारले जानकारी दिए ।

# ललितपुर अध्यक्ष थापालाई एन्फाको स्पष्टीकरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ वैशाख

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सामाजिक सञ्जालमा बरिष्ठ उपाध्यक्षविरुद्ध अपशब्द प्रयोग गर्दै मानमर्दन गरेको आरोपमा ललितपुर जिल्ला संघका अध्यक्ष पुरुषोत्तम थापालाई स्पष्टिकरण सोधेको छ । बैशाख २२ गते एन्फा डेको अवसरमा उपाध्यक्षको शुभकामनाविरुद्ध सामाजिक सञ्जालमा अपशब्द लेखेको भन्दै एन्फाले थापालाई स्पष्टिकरण सोधेको हो ।

सामाजिक सञ्जालमा उपाध्यक्षाले दिएको शुभकामनामाथि सामाजिक सञ्जालको दुरुपयोग गर्दै सन्देश हालेको प्रति एन्फाले गम्भिर ध्यानकर्षण भएको जनाएको छ ।






एन्फा प्रवक्ता किरण राईले थापालाई कारबाही गरिएको पुष्टि गर्दै ४८ घण्टाभित्र लिखित जवाफ पेश गर्न स्पष्टिकरण सोधिएको बताएका छन् । थापाको कार्यले संघ र नेतृत्वको ईज्जतमा धक्का पुऱ्याउने अनास्था फैलाउने, अपमानजनक घृतिक कुप्रचार कार्य भएको ठहर एन्फा बैठकले गरेको छ ।

एन्फाले पत्र प्राप्त गरेको मितिले बैशाख २६ गते ५ बजेभित्र लिखित स्पष्टिकरण पेश गर्न निर्देशन दिएको छ । ललितपुर जिल्ला थापा यसअघि समेत एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा नेतृत्वको कार्यसमितिबिरुद्ध विरोध गर्दै आएका व्यक्ति हुन् ।

यसअघि थापा सहितका चार जिल्ला अध्यक्षले वर्तमान कार्यसमितिले एन्फाभित्र व्यापक आर्थिक अनियमितताको आरोप लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायमा उजुरी दिएका थिए । तर अख्तियारले घटनाको छानविन गर्दै एन्फालाई सफाई दिएको थियो ।

# पीएसजीले परोपकारी संस्थालाई सहयोग गर्ने

**काठमाडौं, एजेन्सी–** फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) ले कोरोना भाईरसविरुद्ध लडिरहेको एक परोपकारी संस्थालाई आर्थिक सहयोग गरेको छ । पीएसजीले परोपकारी संस्था एक्सन अगेन्ट्स हंगरलाई १ लाख युरो आर्थिक सहयोग गरेको हो ।

उक्त सहयोगले संस्थाले कोरोनाविरुद्ध लडिरहेको कर्मचारी र स्वयंसेवकहरुलाई व्यक्तिगत सुरक्षात्मक उपकरण किन्ने छन् । यस्तै संस्थाले अहिले पीएसजीको मैदान प्रयोग गरिरहेको छ । पीएसजीले यस अघि पनि पेरिसको




विभिन्न समुदायलाई सहयोग गर्दै आइरहेको छ । कोरोनाको कारण फ्रेन्च लिग रद्द भएको छ । लिग रद्द भएसँगै पीएसजीलाई च्याम्पियन बनाउने तयारी गरिएको छ । कोरोनाको कारण फ्रान्समा २५ हजार बढी मानिसको मृत्यु भईसकेको छ ।

# भारतमा कोरोना संक्रमितको संख्या ४९ हजार नाघ्यो

**नयाँदिल्ली, एजेन्सी-** भारतमा कोरोनाभाइरसबाट संक्रमित व्यक्तिको संख्या विगत दुई दिनदेखि तिब्र गतिमा वृद्धि भएको छ ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले कोरोना संक्रमितको संख्या ४९ हजार ४५० पुगेको जनाएको छ । मन्त्रालयले हालसम्म एक हजार ६९५ जनाको मृत्यु भएको पनि उल्लेख गरेको छ । भारतमा कूल संक्रमितमध्ये १४ हजार १८३ जना निको भएका छन् । उनीहरूलाई देशका विभिन्न अस्पतालबाट डिस्चार्ज गरिएको छ ।

कोरोना संक्रमितहरूमध्ये महाराष्ट्र, गुजरात र नयाँदिल्ली सर्वाधिक प्रभावित क्षेत्र देखिएका छन् । महाराष्ट्रमा सबैभन्दा बढी



१५ हजार ५२५ जना संक्रमित देखिएका छन् भने गुजरातमा ६ हजार २४५ जनामा कोरोनाको संक्रमण देखिएको छ । दिल्लीमा भने कोरोना संक्रमितको संख्या ५ हजार १०४ जना रहेको छ ।

यस्तै राजस्थानमा ३ हजार १९३ जनामा कोरोनाको संक्रमण देखिएको राज्य स्वास्थ्य विभागले जनाएको छ ।

# दक्षिण अमेरिकामा १५ हजारभन्दा बढीको मृत्यु

**मोन्टेभिडियो, एजेन्सी-** दक्षिण अमेरिका र क्यारेबियन मुलुकहरूमा कोरोनाभाइरसबाट बुधबार बिहानसम्ममा १५ हजारभन्दा बढीको मृत्यु भएको छ । आधिकारिक विवरणहरूमा यस क्षेत्रमा २ लाख ८२ हजारभन्दा बढी व्यक्ति कोरोना संक्रमित भएका छन् ।

दक्षिण अमेरिकामा सबैभन्दा बढी व्यक्ति ब्राजिलमा ७ हजार ९२१ जनाको ज्यान गएको छ भने १ लाख १४ हजार ७१५ जना संक्रमित भएका छन् । यस्तै, मेक्सिकोमा २ हजार २७१ जना तथा इक्वेडरमा १ हजार ५६९ जनाको ज्यान गएको छ । विज्ञहरूका अनुसार आउँदा दिनहरूमा दक्षिण अमेरिकामा महामारी अरु बढ्नेछ ।

इक्वेडर, कोलम्बिया र डोमिनिकन रिपब्लिक लगायतका धेरै देशहरूले भाइरस फैलिनबाट रोक्न आफ्नो लकडाउनका उपायहरू अबलम्बन गरिरहेका छन् ।

प्यान-अमेरिकन हेल्थ अर्गनाइजेसन (पीएएचओ) ले



प्रतिबन्धहरू खुकुलो बनाउनेक्रममा यस क्षेत्रका सरकारहरू बढी नै सजग हुनुपर्ने बताएको छ । अर्गनाइजेसनले खासगरी ब्राजिल, इक्वेडर, पेरू, चिली र मेक्सिकोमा भाइरस सर्न सक्ने खतरा "धेरै उच्च" रहेको चेतावनी दिएको छ ।

ब्राजिल यस क्षेत्रको पहिलो देश हो जहाँ कोरोनाभाइरस पहिलो पटक फेब्रुअरी २६ मा देखिएको थियो । कोरोना महामारीबाट सर्वाधिक प्रभाव परेको इटालीको लोम्बार्डी भ्रमण गरेका एक ६१ वर्षीय व्यक्तिमा कोरोना भेटिएको थियो ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले कोरोनाभाइस संकटकै कारण दक्षिण अमेरिकाको कुल गार्हस्थ्य उत्पादनमा ५.२ प्रतिशतले संकुचन हुने जनाएको छ ।

कोरोनाभाइरसका कारण विश्वभर २ लाख ५८ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने ३७ लाखभन्दा बढी संक्रमित छन् ।

# अब ईपीएल गेलको तालिकामा निर्भर



**काठमाडौं, एजेन्सी–** कोरोना भाइरसका कारण स्थगित नेपालको चर्चित फ्रेन्चाईज लिग एभरेष्ट प्रिमियर लिग (ईपीएल)को नयाँ तालिका क्यारेबियन क्रिकेटर क्रिस गेलको उपलब्धता हेरेर तय गरिने आयोजक ईपीएल प्रा.लि ले जनाएको छ ।

नेपालको सबैभन्दा ठूलो टि २० फ्रेन्चाईज लिगको रुपमा स्थापित एभरेष्ट प्रिमियर लिग खेल्नका निम्ति गत जनवरीमा गेलले पोखरा राईनोजसँग सम्झौता गरेको थियो । गत चैत्र १ गते हुने प्रतियोगिता कोरोना भाईरस महामारीको चपेटामा परेका कारण अनिश्चितकालका लागि स्थगित गरिएको थियो ।

ईपीएलका प्रबन्ध निर्देशक आमीर अख्तरले अहिले नै ईपीएलको अर्को मिति तय गर्न निक्कै कठिन भएको बताएका छन् । उनले ईपीएल नेपालका लागि अन्तराष्ट्रिय स्तरको टि २० बन्ने तखैरमा रहेको बेला अन्तराष्ट्रिय खेलाडीहरु उपलब्ध हुन सक्ने समय पनि हेर्न आवश्यक रहेको बताए ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यम द नेशनलसँग कुरा गर्दै अख्तरले भने, ' यो लिग पुनः सञ्चालन गर्नका निम्ति गेलको संलग्नता पनि महत्वपूर्ण रहेको छ । यसबाहेक गेलसागै अन्य विदेशी खेलाडीको तालिका पनि मिलएर मात्र ईपीएलको मिति तय हुनेछ ।'

'ईपीएलको हाईप मेन्टेन गर्न र अन्तराष्ट्रियकरण गर्न गेल जस्तो महान क्रिकेटर नेपाल आउनु आवश्यक रहेकोले अर्को मिति तय गर्न उनको उपलब्धता जरुरी छ', उनले भने । गेल बाहेक ईपीएलमा मोहम्मद शहजाद, पल स्टर्लिङ, केविन ओ ब्रायन, उपुल थरङ्गा र कोरी एन्डरसन जस्ता चर्चित विदेशी खेलाडीहरु समेतको संलग्नता रहेको छ ।

अख्तरले भने, 'लिगले कुनै पनि नयाँ मिति सोचिसकेको छैन । यतिबेला खेलभनदा प्राथमिक जनस्वास्थ्य हो । यो सबै कहरको अन्त्यपछि हामी बसेर नयाँ मितिको बारेमा सोच्नेछौं । हामीले आशा लिएक छौ की पुनः मिति तय हुँदा सबै विदेशी खेलाडीहरु ईपीएलमा उपलब्ध हुनेछन् ।'

उनले आउने प्रतिबद्धता जनाएका बसै विदेशी खेलाडीहरु नेपाल आउन लालायित रहेको बताए । उनीहरुसँग सामाजिक सञ्जाल मार्फत कुरा भईरहेको र उपयुक्त समय हुँदा नेपाल आउने प्रतिबद्धता समेत जनाएको अख्तरले बताए ।

अख्तरले विश्वचर्चित टि २० लिगहरुसँग प्रतिस्पर्धा गर्ने महत्वकांक्षी उद्देश्य रहेको भए पनि अहिले नै त्यसो भन्न उपयुक्त नरहेकोले सबै खेलाडीको समय ईपीएलका लागि महत्वको विषय नरहनुको कुरालाई बुझेको बताए । यसकारण पनि अहिले नै नयाँ मिति तय गर्न केही हत्तारो हुन सक्ने अख्तरको भनाई छ ।

## जर्मनीमा पसलहरू र विद्यालयहरू खोल्ने तयारी

**बर्लिन, एजेन्सी-** कोरोनाभाइरसका कारण अस्तव्यस्त बनेको जनजीवनलाई सामान्य तुल्याउन जर्मनीमा यो महिनाभर विभिन्न कार्यहरू अघि बढाइने भएको छ । केही हप्तासम्म लकडाउन भएसँगै देशभरका व्यवसाय र विद्यालयहरू बन्द रहेका छन् । सरकारले यसै महिनाभित्र पसल र विद्यालय खोल्ने कार्ययोजना तयार पारेको छ ।

गत अप्रिल २० बाट गरिएको आंशिक लकडाउन निकै प्रभावकारी भएको र नयाँ संक्रमणका घटनाहरू निरन्तर घट्दै गएको भन्दै सरकारले तयार पारेको एक प्रतिवेदनमा अब देशका व्यवसाय र विद्यालयहरू खोल्ने रणनीति बनाइने उल्लेख छ ।

परीक्षाको तयारीमा रहेका बालबालिकाका लागि विद्यालयहरू हाल संचालनमा आइसकेका छन् । तर शिशु कक्षा र प्राथमिक विद्यालयहरू अर्को हप्ताबाट खुल्नेछन् ।

जर्मन चान्सलर एन्जेला मर्केल र जर्मनीका १६ वटा संघीय राज्यका प्रमुखहरूले बुधबार विद्यालय र व्यवसाय खोल्ने सम्बन्धी एक दस्तावेजमा हस्ताक्षर गर्ने कार्यक्रम राखिएको छ । विश्वविद्यालयहरू खोल्ने विषयमा भने सम्बन्धित राज्यले निर्णय गर्नेछन् ।

सबैजसो राजनीतिज्ञहरूले सबैजसो पसल व्यवसाय खोल्न सकिने तर सरसफाइ, प्रवेश र सामाजिक दूरीजस्ता विषयलाई प्रमुख रूपमा ध्यान दिन आग्रह गरेका छन् ।

हालसम्म पसलको जमिनको सतह ८०० वर्गमिटर (८ हजार ६०० वर्गफिट) सम्म रहेका पसलहरू मात्र खोल्न अनुमति दिइएको छ । रेष्टुराँहरू आगामी मे ९ बाट खोल्न सकिने तर त्यसको निर्णय गर्ने अधिकार राज्यहरूलाई दिइएको छ ।

यदि सात दिनभित्र प्रति एक लाख जनसंख्यामा ५० जनाभन्दा बढी नयाँ संक्रमित व्यक्ति भेटिए सम्बन्धित नगर वा जिल्लामा लकडाउन गरिने छ ।

# विश्व क्रिकेटका तीब्र गतिका तीन बलर



**यो सूचीमा अस्ट्रेलियाका दुई तथा पाकिस्तानका एक बलर समावेश छन् । टेस्ट क्रिकेटको शुरूको केही दशकसम्म तीब्र गतिका बलरको बोलवाला थियो ।**

**काठमाडौं, एजेन्सी-** अन्तर्राष्ट्रिय क्रिकेटमा स्पिनरले बढी सफलता हासिल गरेको देखिन्छ । उनको बलका कारण टेस्ट क्रिकेटको सर्वाधिक विकेट लिने शीर्ष तीन खेलाडीको सूचीमा स्पिनरकै नाम रहेको छ । टेस्ट क्रिकेटको शुरुको केही दशकसम्म तीब्र गतिका बलरको बोलवाला थियो । वेस्टइण्डिजका केही बलरहरु तीब्र गतिमा बलिङ गर्ने गर्थे र उनीहरुविरुद्ध व्याटिङ गर्न अप्ठेरो पनि हुने गरेको देखिन्थ्यो ।

इतिहासकै सर्वाधिक तीब्र गतिका तीन बलरको बारेमा जानकारी दिन्छौं । यो सूचीमा अस्ट्रेलियाका दुई तथा पाकिस्तानका एक बलर समावेश छन् ।

**शन टेट (अस्ट्रेलिया)**

अस्ट्रेलियाका शन टेटले सन् २००७ मा डेब्यु गरेका थिए । उनको तीब्र गतिकै कारण चाँडै चर्चामा आए । आफ्नो स्पिडका कारण उनले विश्व क्रिकेटमा अलग पहिचान पनि बनाए । इंग्ल्याण्डविरुद्ध १६१.१ किलोमिटर प्रतिघण्टाको गतिमा बलिङ गरेका थिए । जुन उनको व्यक्तिगत सर्वाधिक उच्च गति हो । लगातार घाइते भएपछि उनले चाँडै नै क्रिकेटबाट सन्यास लिएका थिए । उनले चर्चित फ्रेन्चाईज लिग आईपीएल पनि खेलेका छन् भने तीब्र गति र बाउन्स बलिङ उनको विशेषता थियो ।

**ब्रेट ली (अस्ट्रेलिया)**

अस्ट्रेलियाका ब्रेट ली पनि सर्वाधिक तीब्र गतिमा बलिङ गर्ने खेलाडी मा पर्छन् । ब्रेट लीले पनि सर्वाधिक तीब्र गति १६१.१ किलोमिटर प्रतिघण्टा कायम गरेका थिए । २००३ को विश्वकपमा उनले श्रीलंकाका मार्वन आटापट्टूविरुद्ध १६० किलोमिटरको गतिमा बलिङ गर्दै बोल्ड आउट गरेका थिए ।

**शोयब अख्तर (पाकिस्तान)**

तीब्र गतिका बलरको चर्चा हुँदा पाकिस्तानका शोयब अख्तर पहिलो नम्बरमा आउँछन् । रावलपिण्डी एक्सप्रेस उपमा पाएका अख्तरले सन् २००३ को विश्वकमा इंग्ल्याण्डविरुद्ध १६१.३ किलोमिटर प्रतिघण्टाका दरले बलिङ गरेका थिए । यो गति नै अहिलेसम्मको रेकर्ड पनि हो । अझै तोडिने सम्भावना देखिएको छैन ।

# अमेरिकी न्यायाधीश जिन्स्बर्ग अस्पताल भर्ना

**वासिङ्टन, एजेन्सी–** अमेरिकी सर्वोच्च अदालतकी न्यायमूर्ति रूथ बडर जिन्स्बर्गलाई मंगलबार पित्ताशयमा पथरी (ढुंगा) देखिएपछि उपचारका लागि अस्पताल भर्ना गरिएको छ । तर उनले बुधबार टेलिफोनबाट अदालतको सुनुवाईमा भाग लिएको सर्वोच्च अदालतले जनाएको छ ।

८७ वर्षीया न्यायाधीश जिन्स्बर्गको बाल्टिमोरस्थित जोन्स हप्किन्स अस्पतालमा बिना शल्यक्रिया पित्ताशयको पथरीको उपचार गरिएको अस्पतालले जनाएको छ ।

सर्वोच्च अदालतका अनुसार हाल अस्पतालमा आराम गरिरहेकी जिन्स्बर्गलाई एक वा दुई दिनपछि डिस्चार्ज गरिने छ ।

जिन्स्बर्गले सोमबार र मंगलबार टेलिफोन मार्फत अदालतको सुनुवाईमा भाग लिएकी थिइन् । उनको चार पटक क्यान्सर रोगको उपचार गरिएको छ । हालसालै गत अगस्टमा पेटको ट्युमरको लागि रेडिएसन गरिएको थियो ।

विभिन्न रोगसँग लडिरहे पनि यी उदारवादी वयोवृद्ध न्यायाधीशले सन् १९९३ देखि अर्थात विगत २७ वर्षदेखि सर्वोच्च अदालतमा निरन्तर सेवा गरिरहेकी छिन् । उनलाई तत्कालीन राष्ट्रपति बिल क्लिन्टनले नियुक्त गरेका थिए ।

कोरोना महामारीका कारण अमेरिकी सर्वोच्च अदालतमा पनि हाल टेलिफोन मार्फत मुद्दाहरूको सुनुवाई हुने गरेको छ । जिन्स्बर्गले आफूलाई स्वास्थ्य अवस्थाले साथ दिएमा ९० वर्षको उमेरसम्म सर्वोच्च अदालतमा सेवा गर्ने बताएकी छिन् ।

जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
OXFORD International
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## भोलिदेखि देशभरका उद्योग संचालनमा ल्याइने

# बाह्य उडान जेठ १८ सम्म बन्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ बैशाख



सरकारले भोलीदेखि देशभरका उद्योग संचालनमा ल्याउने भएको छ। बुधबार बसेको मन्त्रिपरिषद्को बैंठकले जारी लकडाउनलाई जेठ ५ गतेसम्म थप गरेपनि उद्योग भने संचानमा ल्याउने निर्णय गरेको हो। बैशाख २६ गतेबाट उद्योगहरु संचानमा ल्याउने निर्णय हो। बुधबार बसेको मन्त्रिपरिषद बैठकले २६ गतेबाट सबै देशभरका उद्योगहरु संचालनमा ल्याउने निर्णय गरेको छ तर यस विषयमा छुट्टै मोडालिटी बनाईने भएको छ।

देशको अर्थतन्त्र चलायमान बनाउन सरकारले उच्च सतर्कता अपनाएर उद्योग कलकारखाना खोल्न दिने निर्णय गरेको हो। तर पहिलो चरणमा केकस्ता उद्योगहरु संचनमा ल्याउने भन्ने विषयमा क्षेत्रगत रुपमा निर्धारण गरिने भएको छ। यसअघि उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले पहिलो चरणमा खाद्यान्न तथा अत्यावश्यकीय उद्योगहरु संचालनमा ल्याईने बताएका थिए। तर त्यस्ता उद्योगहरुमा पनि कोरोना संक्रमण र कोरोनाको जोखिमलाई उच्च सतर्कता अपनाएर मात्र संचालनमा ल्याउन दिईने भएको छ। सरकारले खाद्यान्न तथा अत्यावश्यकीय, निर्माण र निर्यात गरी उद्योगलाई तीन चरणमा बर्गिकरण गरी खुला गर्ने भएको हो।

विश्वभर फैलिएको कोरोना संक्रमणको महामारीका कारण विश्वलगायत नेपालभरका उद्योगधन्दाहरु हाल मारमा परेका छन्। उद्योगधन्दामा काम गर्ने कामदारदेखि प्राविधिकसम्म लकडाउनको चपेटामा पर्दा यसमा समस्या उत्पन्न भएको छ। उद्योगधन्दा बन्द हुँदा देशको अर्थतन्त्र नै चलायमान बनाउन कठिन हुने प्रक्षेपण गरिएको छ। यस्तो प्रक्षेपण गरिएको बेलामा सरकारले पनि देशको अर्थतन्त्रलाई चलायमान बनाउन होस या दैनिक ज्यालादारीमा काम गर्ने मजदुरको राहतका लागि होस उद्योग खोल्न जरुरी थियो। सोही अनुसार बुधबारको मन्त्रिपरिषद बैठकले उक्त निर्णय गरेको हो।

यस्तै बुधबार बसेको मन्त्रिपरिषद बैठकले अन्तरराष्ट्रिय तथा आन्तरिक उडान र सीमानाका पनि जेठ १८ गतेसम्म बन्द गर्ने निर्णय गरेको छ। विश्वभर फैलिएको कोरोना भाईरसका कारण बाह्य क्षेत्रबाट हुने खतरा रोक्न लागि अन्तरराष्ट्रिय उडान र सीमानाका बन्द गर्ने निर्णय गरेको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जानकारी दिएको छ। मन्त्रालयका अनुसार काठमाडौंको लकडाउन खुले पनि अन्तरराष्ट्रिय उडान भने विश्वभर नै बन्द हुने छ। यस अघि जेठ २ गतेसम्म आन्तरिक तथा अन्तरराष्ट्रिय उडान बन्द गरेको सरकारले लकडाउनको समयसिमा थपेसँगै आन्तरिक, अन्तरराष्ट्रिय उडान र सिमा नाकासमेत जेठ १८ गतेसम्मका लागि बन्द गरेको हो।

## शेखर गोल्छा भन्छन्

# बैंक कर्जाको ब्याजदर केही वर्ष ५ प्रतिशतमै सीमित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ बैशाख



नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले बैंकको कर्जाको ब्याजदर केही बर्षका लागि ५ प्रतिशत कायम गर्नुपर्ने बताएका छन्। बुधबार नेपाली कांग्रेस संसदीय दलद्वारा सरकारको आगामी नीति कार्यक्रम र बजेटबारे बुधबार आयोजित छलफल कार्यक्रममा बोल्दै उनले बैंक कर्जा केही वर्षका लागि पाँच प्रतिशत हाराहारीमा रोक्नुपर्ने बताएका हुन। उनले बिजुली महसुल अहिलेको भन्दा २० प्रतिशत कम हुनुपर्ने भ्याट क्रेडिट पाउनुपर्नेमा समेत बताएका हुन।

उनले नेपाली कांग्रेसकै पालामा लगाईएको १० प्रतिशत मूल्य अभिवृद्धि करलाई अब १० प्रतिशतमा झार्नुपर्ने बताएका छन्। आयकरका दरमा समेत २० प्रतिशत छुट हुनुपर्ने उनको माग छ। छुट भएमा लगानी आकर्षित हुन्छ। यस्तै हरेक व्यक्तिको सम्पत्ति अभिलेखीकरण गरी औपचारिक क्षेत्रमा ल्याउनुपर्नेमा उनले जोड दिए। उनका अनुसार यसले अर्थतन्त्रमा टेवा पुग्नुका साथै राजस्व र करमा सुधार हुन सक्नेछ।

'भारततर्फको निर्यातमा पाँच प्रतिशत र अन्तर्राष्ट्रिय निर्यातमा १० प्रतिशत छुट भयो भने धेरै निर्यातयोग्य उद्योग आउन सक्छन्,' उनले भने, 'कृषि उत्पादन ३ देखि ४ प्रतिशतसम्म मात्र बढिरहेको छ, त्यसैले कृषिलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ।' रुग्ण उद्योग पुनः सञ्चालनका लागि नीतिगत व्यवस्था हुनुपर्ने समेत उनले बताए। उनले अब नेपालको अर्थतन्त्रलाई तलायमान बनाउन तथा उद्योग व्यवसायलाई जिवित तुल्याउन सरकारले २ खर्ब बराबरको राहत प्याकेज ल्याउनुपर्ने बताए।

कोरोना भाइरसका कारण अब दुई वर्षसम्म नेपालको अर्थतन्त्र उठ्न नसक्ने गरी थला परेको बताउँदै उनले सरकारले उद्योग व्यापारलाई पुनर्जीवन दिने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए। 'पर्यटन क्षेत्रले कम्तीमा दुई वर्षसम्म गति लिन सक्दैन,' उनले भने, 'कृषि क्षेत्र, पोल्ट्रीलगायत लाइभ टक इन्डस्ट्रीमा पनि लामो समयसम्म समस्या हुनेछ।'

भारततर्फको निर्यातमा पाँच प्रतिशत र अन्तर्राष्ट्रिय निर्यातमा १० प्रतिशत छुट भयो भने धेरै निर्यातयोग्य उद्योग आउन सक्छन्। कृषि उत्पादन ३ देखि ४ प्रतिशतसम्म मात्र बढिरहेको छ। त्यसैले कृषिलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ। रुग्ण उद्योग पुनः सञ्चालनका लागि नीतिगत व्यवस्था हुनुपर्छ। नेपालको अर्थतन्त्रको आकार ३७ खर्ब रुपैयाँ हाराहारीमा छ। यसमा सरकारले २ खर्ब बराबरको राहत प्याकेज ल्याउनुपर्छ।

ऊर्जामा लगानी बढिरहेको छ। तर उत्पादन खेर फाल्ने अवस्था छ। उत्पादित बिजुली नेपालकै उद्योगलाई सस्तोमा बेच्न आग्रह गरेका छौं। नेपालमा श्रमिक उत्पादकत्व दक्षिण एसियामै कमजोर रहेकाले सुधार गर्नुपर्छ। खास गरी श्रम ऐनमा सुधार हुनुपर्छ।

# २८१ नागरिक लिएर सिड्नी उड्यो नेपाल एयरलाइन्स



**काठमाडौं/मस**–राष्ट्रिय ध्वजाबाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) ले २८१ विदेशी नागरिक बोकेर अष्ट्रेलिया उडेको छ। लकडाउनका कारण नेपालमा रोकिएका १७ बालबालिकासहित २८१ अष्ट्रेलियन नागरिक बोकेर निगमको वाइड बडी जहाज सिड्नीका लागि उडान भरेको छ।

अष्ट्रेलियाले निगमको वाइड बडी जहाज चार्टर्ड गरी आफ्ना नागरिक स्वदेश फिर्ता लगेको हो। नेपालस्थित अष्ट्रेलियन दूतावासले चार्टर्ड गरेको यो जहाजमा अष्ट्रेलियन र केही न्यूजिल्याण्डका नागरिक रहेको जनाइएको छ। काठमाडौं विमानस्थलबाट दिउँसो सिड्नी उडेको वाइड बडी जहाजले मलेसियाको क्वालालम्पुर ट्रान्जिट हुँदै साढे १२ घण्टाको उडान तय गरी गन्तव्यमा पुग्नेछ। निगमको वाइड बडी जहाज बिहीबार साँझ काठमाडौं विमानस्थलमा अवतरण गर्नेछ।

निगमको अष्ट्रेलियामा चार्टर्ड उडान दोस्रो हो। यसअघि चैत १९ गते अष्ट्रेलियाको ब्रिश्वेनमा चार्टर्ड उडन गरेको थियो। मलेसिया ट्रान्जिट हुँदै अष्ट्रेलियासम्मको उक्त उडान करिब १३ घण्टाको थियो। निगमको अर्को वाइड बडी जहाजले बुधबारै चीनको राजधानी बेइजिङमा कार्गो उडान गर्दैछ। साँझ ५:३० बजे बेइजिङ उड्ने जहाज बिहीबार काठमाडौं फर्कने तालिका छ। निजी व्यवसायीले अत्यावश्यक स्वास्थ्य सामग्री ल्याउन निगमको वाइड बडी जहाज चार्टर्ड गरेको बताइएको छ।

साथै नेपालको निजी क्षेत्र र चीनको संयुक्त लगानी रहेको हिमालय एयरलाइन्सले चीनको ग्वाङ्जाओबाट अत्यावश्यक स्वास्थ्य सामग्री ल्याएको छ। हिमालयको न्यारोबडी जहाजले बुधबार ग्वाङ्जाओबाट ६ हजार ६०० केजी स्वास्थ्य सामग्री ल्याएको विमानस्थलले जनाएको छ। यसअघि वैशाख १८ गते चीनको चाङ्साबाट र वैशाख १४ गते ग्वाङ्जाओबाटै हिमालय एयरलाइन्सले जहाजले स्वास्थ्य सामग्री ल्याएको थियो।

# एनआईसी एशिया बैंक र मास्टरकार्ड बीच सम्झौता

**काठमाडौं/मस**–एनआईसी एशिया बैंक र अन्तरराष्ट्रिय कार्ड सेवा प्रदायक कम्पनी मास्टरकार्डबीच सहकार्य भएको छ। उक्त सहकार्यसँगै बैंकको पोस टर्मिनल तथा एटिएमहरूमा उक्त कम्पनीका डेबिट तथा क्रेडिट कार्डहरु प्रयोग गर्न सक्नेछन।

बैंकका अनुसार उक्त व्यवस्थासँगै अब कुनै पनि राष्ट्रिय तथा अन्तरराष्ट्रिय बैंक तथा वित्तीय संस्थाहरूले जारी गरेको मास्टरकार्डका डेबिट तथा क्रेडिट कार्यहरूको प्रयोग एनआईसी एशिया बैंकको पोस टर्मिनलमार्फत कारोबार रकम भुक्तानी तथा एटिएम मेसिनहरूबाट नगद निकाल्न र मौज्दात सोधपुछ सुविधाका लागि प्रयोग गर्न सकिने छ।

नेपालमा मास्टरकार्ड प्रयोगकर्ताहरूको संख्या बढ्दो क्रममा रहेको र विशेष गरी सेवा क्षेत्रहरू जस्तै होटल, रेष्टुरेन्ट, पर्यटन क्षेत्रमा मास्टरकार्ड प्रयोगकर्ताहरूको संख्या यथेष्ट रहेकोले मास्टरकार्डको यस सुविधासँगै बैंकले मर्चेन्ट भुक्तानी सेवामा थप टेवा पुर्याएको छ। बैंकले कोरोना महामारीको अवस्थामासमेत सातवटै प्रदेशमा 'ग्राहक सहायता केन्द्र' स्थापना गरी २४ सैं घण्टा आवश्यक बैंकिङ सेवा तथा सुविधा प्रदान गरिरहेको छ। साथै 'कोरोनासँगको लडाई, बैंकिङ गरौं घरबाट एक पाइला नबढाई' भन्ने नाराका साथ अन्तर बैंक रकम स्थानान्तरण, बिजुली महसुल, खानेपानी महसुल, हवाई टिकट, ईन्टरनेट सेवा, बीमा तथा टेलिफोन शुल्कलगायतका भुक्तानीहरूमा निशुल्क व्यवस्था गरेको छ। बैंकले ३१९ शाखा कार्यालयहरू, ४६१ एटिएम, १०८ वटा एक्स्टेन्सन काउण्टर एवं ६१ वटा शाखारहित बैंकिङमार्फत सेवा प्रदान गर्दै आईरहेको छ।

# एभरेष्ट बैंकको मोबाईल एप्समा नयाँ सुविधा

**काठमाडौं/मस**–एभरेष्ट बैंक र एफवान सफ्ट इन्टरनेशनलबीच मोबाईल बैंकिङ सेवाका लागि सम्झौता भएको छ। सम्झौतासँगै बैंकको मोबाईल एप्स् ईबीएलटच २४ मा नयाँ सुविधा थपिएका छन्। बैंकको 'ईबीएलटच २४' मा नयाँ सुविधाहरु थप गरिएको छ। ग्राहकहरुले यस एपमार्फत ५० भन्दा बढी बैंकका खाताहरुमा रकम ट्रान्सफर, बिजुली, पानीको महशुल, टिभी, इन्टरनेटको बिल भुक्तानी, मोबाइल रिचार्ज, हवाइ जहाज, बस तथा सिनेमा टिकटको अन्लाईन खरिद गर्नुका साथै एक लाखभन्दा बढी मर्चेन्टहरुमा क्युआर पेमेन्टबाट भुक्तानी गर्न सक्नेछन्। बैंकका प्रमुख कार्यकारी अधिकृत गजेन्द्र कुमार नेगी र एफवान सफ्टका प्रमुख कार्यकारी अधिकृत सुवास शर्माले सो सम्झौतामा हस्ताक्षर गरेका छन। बैंकले ९५ शाखा, ३१ राजस्व संकलन काउन्टर र १०३ एटिएममार्फत सेवा प्रदान गर्दै आईरहेको छ।

# वीरगञ्जमा ८ हजार ५०० क्विन्टल चामल मौज्दात



**वीरगञ्ज, रासस**- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालय वीरगञ्जमा हाल आठ हजार ५०० क्विन्टल सोना मन्सुली चामल मौज्दात अवस्थामा रहेको छ।

कम्पनीसँग ९० हजार ८० केजी सोना मन्सुली चामल तथा ११ हजार ३७१ क्विन्टल ८० केजी जापानी चामल रहेकामा सो बिक्री भई हाल कम्पनीसँग सोना मन्सुली चामल आठ हजार ५०० क्विन्टल मौज्दात अवस्थामा रहेको शाखा प्रमुख नरनाथ अधिकारीले बताए।

सङ्घीय सरकारले जारी गरेको लकडाउनमा कम्पनीले सर्वसाधारणका लागि पनि खुद्रामा चामल बिक्री शुरु गरेपछि सोना मन्सुली चामल आठ हजार ५०० क्विन्टल तथा जापानी चामल १५ हजार ५०० क्विन्टल बिक्री भइसकेको सो कार्यालयका सूचना अधिकारी मुनिलाल कुशवाहाले जानकारी दिनुभयो। कम्पनीले माग भएअनुसार काठमाडौं, विराटनगर, लहान, पोखरा, सुर्खेतलगायतका ठाउँमा चामल पठाउनाका साथै विभिन्न कारागारमा समेत चामल पठाएको बताइएको छ।

लकडाउनमा खाद्यानको समस्या हुन नदिन विभागको निर्देशनानुसार कम्पनीले सर्वसाधारणलाई सोना मन्सुली प्रतिकेजी रु ४६ तथा जापानी चामल प्रतिकेजी रु ४७ को दरले बिक्री मूल्य कायम गरेपछि सर्वसाधारणलाई चामलको अभाव नभएको सो कार्यालयले जनाएको छ। आर्थिक वर्ष २०७६/०७७ मा जापान सरकारले नेपाल सरकारलाई दिएको ५० हजार क्विन्टल सहयोगमध्ये १५ हजार क्विन्टल जापानी चामल वीरगञ्ज आएको थियो। कम्पनीले आव २०७६/०७७ मा सोना मन्सुली धान २० हजार क्विन्टल र जिरामसिनो धान ३२ क्विन्टल २५ केजी खरिद गरेको थियो।

हाल कम्पनीसँग रहेको जापानी चामल सकिएको छ भने आठ हजार ५०० क्विन्टल सोना मन्सुली चामल मौज्दात अवस्थामा रहेको सो कार्यालयले जनाएको छ। संस्थानले जस्तोसुकै आपत्‌विपत्‌को अवस्थामा चामल उपलब्ध गराउन सकिने देखिएको छ।

साथै तेस्रो मुलुकबाट नेपालका लागि मालसामान बोकेर आएका १२ हजार कन्टेनर नेपाल र भारतको बन्दरगाहमा रोकिएको छ। भारतीय रेलमार्गसँग जोडिएको वीरगन्ज सिर्सियास्थित सुख्खा बन्दरगाहमा तीन हजार ५०० कन्टेनर अड्किएका छन्।

भारतको कलकत्ता तथा विशाखापटनक बन्दरगाहबाट हुने कन्टेनर ढुवानी लकडाउनका कारण प्रभावित भएको छ। ती बन्दरगाहबाट वीरगन्जका लागि हिँडेको १९ वटा रेल लकडाउनका कारण बाटोमै अड्किएको र वीरगञ्जमा क्षमताभन्दा बढी कन्टेनर थुप्रिएकाले अब अनुरोध गर्न नसकिने र राख्ने ठाउँ पनि नभएको बन्दरगाह सञ्चालक हिमालय टर्मिनल प्रालिले जनाएको छ।

# साढे चार करोड बढीका स्वास्थ्य सामग्री हस्तान्तरण

**काठमाडौं/मस**-अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सङ्घले कोभिड-१९ विरुद्धको पूर्व तयारी तथा त्यसको फैलावट रोकथाममा सघाउन रु चार करोड ५३ लाखबराबरका स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। कोरोना भाइरस नियन्त्रणका निम्ति अग्रपङ्तिमा खटिएका स्वास्थ्यकर्मीलाई उक्त संस्थाले आफूसँग आबद्ध १६ वटा संस्थाको संयुक्त सहयोगमा खरिद गरिएका पर्सनल प्रोटेक्टिभ इक्विपमेन्टलगायत सामग्री बुधबार हस्तान्तरण गरेको हो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङ र समाज कल्याण परिषद्का निमित्त सदस्य सचिव शिवकुमार बस्नेतको उपस्थितिमा संस्थाका अध्यक्ष अच्यूतकुमार लुइँटेलले ती सामग्री स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकाललाई हस्तान्तरण गरे। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगको समन्वय तथा समाज कल्याण परिषद्को सहयोगमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सङ्घले ती सामग्री खरिद गरेको थियो।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**